# बैठक संख्या - १३

## मिति २०८२/१२/१५ गतेको गाउँकार्यपालिका तेह्रौं बैठकका प्रस्तावहरु

१. गाउँपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. तराई मधेश समृद्धि कार्यक्रम छनौट सम्बन्धमा ।

३. अवण्डा बजेट सम्बन्धमा ।

४. आफ्नो क्षेत्राधिकार बाहिर करारोपण सम्बन्धमा ।

५. सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धमा ।

६. कानून निर्माण सम्बन्धमा ।

क) गढवा गाउँपालिका भित्रका विद्यालयहरुको गुनासो सुनवाई कार्यविधि २०८२ निर्माण सम्बन्धमा ।

ख) गढवा गाउँपालिका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान भर्ना र टिकाउ सम्बन्धी पालिका स्तरीय निर्देशिका २०८२ निर्माण सम्बन्धमा ।

७. दमकल कर्मी (Fire Fighter) को प्रोत्साहन भत्ता सम्बन्धमा ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/१२/१५ गतेको गाउँकार्यपालिका तेह्रौं बैठकका निर्णयहरु

१. यस गढवा गाउँपालिकाको मिति २०८२/११/२८ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८२/११/२५ मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमका आयोजना/कार्यक्रम माग गर्ने निर्णय गरियो ।

क) जुरौनी धानखोला कृषि सडक निर्माण

ख) गोवरडिहा देखि सुपैला बाटो कालोपत्रे

ग) गढवा मतपुर खबरी सडक निर्माण

३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को कार्यविधिको सुशासन तथा संस्थागत विकास विषय क्षेत्रको १.१.५ मा बजेट विनियोजित दक्षताको उप-सूचक क) बार्षिक बजेट तथा कार्यक्रममा आयोजनागत रुपमा बजेट बाँडफाँट गरी कुनै शीर्षकमा अवण्डा रहे नरहेको सम्बन्धमा छलफल गर्दा यस गढवा गाउँपालिकाले आ.व. ०८१/०८२ मा कुनै पनि अवण्डा बजेट नराखिएको प्रमाणित गर्ने निर्णय गरियो ।

४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को कार्यविधिको सार्वजनिक वित्त व्यवस्थापन विषय क्षेत्रको १.५.१ मा राजस्व नीति उप-सूचक ख) आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको सम्बन्धमा छलफल गर्दा यस गढवा गाउँपालिकाले आ.व. ०८१/०८२ मा कुनै पनि आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको प्रमाणित गर्ने निर्णय गरियो ।

५. यस गढवा गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनवाई मिति २०८२/१२/२७ शुक्रबार विहान ११ बजे गढवा गाउँपालिकाको कार्यालय परिसरमा गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

६. तपसिल बमोजिमको कानूनको आवश्यकता भएकोले मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) गढवा गाउँपालिका भित्रका विद्यालयहरुको गुनासो सुनवाई कार्यविधि २०८२ निर्माण सम्बन्धमा ।

ख) गढवा गाउँपालिका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान भर्ना र टिकाउ सम्बन्धी पालिका स्तरीय निर्देशिका २०८२ निर्माण सम्बन्धमा ।

७. दमकल कर्मीलाई विगतमा निर्णय बमोजिम प्रति पटक रु.५०० अक्षेरुपी पाँच सय रुपैयाँ प्रोत्साहन भत्ता दिदै आएकोमा अबको मिति देखि प्रति पटक रु. ६७० अक्षेरुपी छ सय सत्तरी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गर्ने

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत